# ओलाङचुङगोलाबासीको दुःख :

## 'बेटी' को सम्बन्धमा चिनियाँ हस्तक्षेप, 'रोटी' को डरले चुपचाप



### सेसिफ बोर्डर श्रृंखला २

आनन्द गौतम

CESIF
Centre for Social Innovation and Foreign Policy

सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

# ओलाङचुङगोलाबासीको दुःख :

## 'बेटी' को सम्बन्धमा चिनियाँ हस्तक्षेप, 'रोटी' को डरले चुपचाप

प्रकाशन वर्ष २०८१ (सन् २०२४)

प्रकाशक-

**सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)**

कुमारीपाटी, ललितपुर

फोन: ०१ - ५४०८८०५ / ५४०८८१४

इमेल : info@cesifnepal.org

www.cesifnepal.org

सेसिफ बोर्डर श्रृंखला - २

सार्वाधिकार © सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

*यो रिपोर्ट सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ) द्वारा संचालित सीमावर्ती जिल्लाका पत्रकार लक्षित फेलोशिप कार्यक्रम अन्तर्गत तयार पारिएको हो ।*

## ओलाङचुङगोलाबासीको दुःख :
## 'बेटी'को सम्बन्धमा चिनियाँ हस्तक्षेप, 'रोटी'को डरले चुपचाप

> *सात वर्षअघि चिनियाँ प्रहरी ओलाङ्चुङ्गोलामै आएर नेपालीसँग विवाह गरेकी युवती फर्काएपछि तिब्बतीसँगको वैवाहिकसम्बन्ध बन्द भएको छ । तर उनीहरूको व्यापार तिब्बततिर हुने र दैनिक आवश्यकताका सामग्री उतैबाट ल्याउने हुँदा यो विषयमा बोल्न चाहँदैनन् ।*

ओलाङचुङगोलाका फुछिरिङ शेर्पाले तीन वर्षअघि दास्रो बिहे गरे । उनले निक्वाखोला गाउँपालिका-४ सावाँकी लाक्पाफुटीलाई भित्र्याउनुअघि २०७४ सालमा तिब्बती युवतीसँग पहिलो बिहे गरेका थिए । तर गाउँसम्मै आएर चिनियाँ प्रहरीले हस्तक्षेप गरेपछि वैवाहिक सम्बन्ध दुई दिन नपुग्दै टुटेको थियो ।

त्यो घटनापछि तिब्बतसँग नेपालीको बिहेबारी बन्द भएको स्थानीयसमेत रहेका फक्ताङलुङ गाउँपालिका-७ का तत्कालीन वडाध्यक्ष छेतेन शेर्पा भोटे बताउँछन् । "त्यति बेला चिनियाँ प्रहरी हाम्रो गाउँमै आएर बिहे गरेर ल्याएकी तिब्बती युवतीलाई भोलिपल्टै फर्काएर लगे । म त्यसबेला जिल्लातिर (सदरमुकाम फुङलिङ) गएको थिएँ," छेतेन भन्छन्, "चिनियाँ प्रशासन बिहेबारी रोक्नतिर लागेपछि नेपाली युवती बिहे गरेर तिब्बत जाने र उताका बुहारी बनेर भित्रिने परम्परा बन्द भएको छ ।"

२०७४ साउनमा फुछिरिङ शेर्पाले चीनको डिङजे काउण्टीस्थित रिउकी आफ्नी प्रेमिका भित्र्याउने योजना बनाए । शेर्पा समुदायमा बिहे गर्दा प्रायः युवती भगाउने चलन छ । पहिला दुलाहा पक्षले युवतीलाई कर गर्ने र युवती गाह्रो मान्दै जाने गर्छन् । फुछिरिङकी आमा याङ्जेका अनुसार युवती लिन दुलाहा, उनका भिनाजु दावा शेर्पा, दिदी नाता पर्ने र दुलाहाका साथी गरी चार जना तिब्बतको रिउ गए । युवतीसँग सम्पर्क स्थापित गराइदिन रिउमा रहेका आफन्तले सहयोग गरे ।

लामाले हेरिदिएको साइतअनुसार फुछिरिङले मध्यराति एक बजे प्रेमिकालाई भगाए । पैदलै यात्रा गरेका उनीहरूले उज्यालो भुईं खस्दा चीन-नेपाल सिमाना टिप्ताला भञ्ज्याङ नाघे । टिप्तालाबाट ओलाङचुङगोलासम्म सडक बने पनि यातायातका साधन थिएनन् । सीमाबाट पैदल करिब आठ घण्टा हिँडेपछि बस्ती पुगिन्छ । दुई घण्टाको पैदलमा पुगिने मौवाटारमा गोठ छ । दुलहा र दुलहीसहितले मौवाटारस्थित गोठमा खाना खाए ।

दुलाहाका भिनाजु दावा भने दुलही भित्र्याउने बन्दोबस्त मिलाउन टिप्तालाबाट छिटो अगाडि बढे । उनले दुलही ल्याउँदै गरेको सन्देश दिउँसो ३ बजे गाउँमा पुऱ्याए । दुलाहा-दुलही गाउँ पुग्दा झमक्कै साँझ परेको थियो ।

झुरूप्प बस्तीमा आफन्त र छरछिमेकी जम्मा भइसकेका थिए । दुलाहाका पितामाताले गाउँलेलाई साक्षी राखेर बुहारी भित्र्याए । गाउँलेहरूले प्रारम्भिक भोज खाँदै रातभर नाचगान गरे । तर त्यसको भोलिपल्टै ओलाङचुङगोलाका बासिन्दाले कल्पनै नगरेको घटना भएको फुछिरिङकी आमा याङ्जे बताउँछिन् ।

भोलिपल्ट तिब्बतको डिङजे काउण्टी प्रहरीका डीएसपी दावा छिरिङ्लाको नेतृत्वमा सुरक्षाकर्मीको टोली

> *उनीहरूले चिनियाँ चेलीलाई उताको भूमिबाट जबरजस्ती उठाएर ल्याएको आरोप लगाए । त्यो आरोपलाई दुलहीले नै अस्वीकार गरिन्, आफू राजीखुशीले विवाह गरेर आएको बताइरहिन् । गाउँलेहरूले हित्तचित्त मिलेकाले आपत्ति नजनाउन आग्रह गरे ।*

ओलाङचुङगोला पुग्यो । टिप्तालाबाट १० किमि तल मौवाटारसम्म उनीहरू चिनियाँ गाडी लिएर आएका थिए । त्यति बेला सिजेना खोलामा पुल नभएको हुँदा गाडी त्यहीँ छाडेर बाँकी १४ किमि पैदलै गाउँ पुगे ।

उनीहरूले चिनियाँ चेलीलाई उताको भूमिबाट जबर जस्ती उठाएर ल्याएको आरोप लगाए । त्यो आरोपलाई दुलहीले नै अस्वीकार गरिन्, आफू राजीखुशीले विवाह गरेर आएको बताइरहिन् । गाउँलेहरूले हित्तचित्त मिलेकाले आपत्ति नजनाउन आग्रह गरे ।

तर चिनियाँ प्रहरीले प्रतिवाद गर्नेहरूलाई चीनको कुनै पनि सहयोग नहुने चेतावनी दिए । उनीहरू युवती लिएरै तिब्बत फर्किए । युवती भित्र्याउने युवक र सहयोगीहरूलाई दुई वर्षसम्म तिब्बत प्रवेशमा रोक लगाइयो । "तिब्बतबाट युवती भगाउन सहयोग गर्नेलाई त उता कारबाही नै गरे रे," नाम बताउन नचाहने ओलाङचुङगोलाकी एक स्थानीय भन्छिन्, "पहिला चिनाउने एक जना महिलालाई जेल हाल्यो, अरूलाई सरकारबाट पाउने सुविधा रोकिदियो भन्ने सुन्यौँ ।"

चीनले ओलाङचुङगोलामै आएर युवती फिर्ता लगी 'अब अन्तरदेशीय विवाह गर्न पाइँदैन' भन्ने सन्देश दिएको स्थानीय बताउँछन् । प्रतिवाद गरे सुविधा नदिने चिनियाँ अधिकारीको चेतावनीका कारण गोलाबासी यसबारे खुलेर कुरा गर्न चाहँदैनन् ।

फुछिरिङ पनि आफ्नो पहिलो विवाहबारे खुल्न चाहँदैनन् । फोन सम्पर्कमा आएका उनले भने, "अब त्यो विषयलाई बिर्सनुपर्छ होला ।"

अहिले आफूलाई चीन आउजाउमा कुनै समस्या नभएको फुछिरिङ बताउँछन् । "नाका खुलेपछि व्यापार लिएर आउन उताका मानिसले बोलाइरहेका छन् । अब गलैंचालगायत सामान लिएर जान्छौँ," उनी भन्छन्, "चीन जान जिल्ला प्रशासनबाट सीमा पास कार्ड पनि बनाइसकेको छु ।"

## दुर्गम क्षेत्रकै कारण विभेद !

> *तिब्बत प्रशासनले बिहे गरेर तिब्बत जाने नेपाली युवतीलाई चीन बस्ने स्थायी अनुमति पनि दिएको छैन । ताप्लेजुङ र संखुवासभाबाट विवाह गरेर गएका ११ जना हरेक वर्ष भिसा थपेर बस्ने गरेको छेतेन बताउँछन् ।*

वारि ओलाङचुङगोला तथा अर्को उत्तरी बस्ती याङ्मा र पारि तिब्बततर्फ एउटै जाति शेर्पाहरूको बसोबास छ । उनीहरूले मान्ने संस्कृति पनि एउटै हो । दुवैतर्फ तिब्बतीयन भाषा बोलिन्छ ।

फक्ताङलुङ गाउँपालिका–७ का पूर्ववडाध्यक्ष छेतेन शेर्पा भोटे नेपाल सरकारले आधारभूत सुविधा दिन नसक्दा जीवनशैली कष्टकर हुने कारण चीनले वैवाहिक सम्बन्धमा हस्तक्षेप गरेको बताउँछन् । ओलाङचुङगोलादेखि उत्तरपूर्व एक दिनको पैदलमा रहेको अन्तिम बस्ती याङ्मामा ११ परिवारको बसोबास छ । याङ्माबाट नजिकको उत्तरी नाका घारिल्ला पैदल एक दिनको दूरीमा छ । टिप्ताला अझै टाढा छ । याङ्माका ६ जनाले तिब्बती महिलासँग विवाह गरेका छन् । यो गाउँमा टेलिफोन सुविधा छैन । फोन गर्न करिब तीन घण्टा हिँडेर लेजुङ डाँडा जानु पर्छ । तर मौसम खुलेको बेला मात्र मोबाइलमा कुरा हुनसक्ने स्थानीय बताउँछन् ।

याङ्मामा यसै वर्ष मात्र प्रारम्भिक कक्षा चलाइएको छ । बाहिरका शिक्षक टिक्दै नटिक्ने भएपछि गाउँपालिकाले एकै व्यक्तिलाई बाल शिक्षा, भेटेनरी र प्राथमिक उपचारको तालिम दिएर पठाएको छ । दार्जिलिङबाट स्नातक उत्तीर्ण गरेका छिरिङ दोर्जे शेर्पा अहिले एक्लै यी तीन वटै काम गरिरहेका छन् ।

तल ओलाङचुङगोलामा भने स्वास्थ्य चौकी छ । कक्षा ५ सम्म पढाइ हुने कञ्चनजंघा आधारभूत विद्यालय पनि छ । कक्षा ६ पढ्न भने लेलेपस्थित ६ घण्टा पैदल

दूरीमा पर्ने माध्यमिक विद्यालय पुग्नुपर्छ ।

नेपालतर्फ दुर्गम बस्ती र कष्टकर जीवन शैली भए पनि पारि तिब्बततिर सुगम छ । तिब्बतबाट विवाह गरी आएकाहरू उता गएर नेपालमा दु:ख पाएको गुनासो गरेको आफूले सुनेको पूर्ववडाध्यक्ष छेतेन बताउँछन् । "स्वास्थ्य, शिक्षा केही पनि नभएपछि विवाह गरेर चीनबाट आएका बुहारीहरू आफूहरूलाई नेपाल सरकारले नहेरेकोले गुनासो गर्दा रहेछन्," उनी भन्छन्, "उनीहरूले उता (चीन) सरकारलाई बसोबासका लागि सहयोग गरिदिन अनुरोध गर्ने रहेछन् । त्यही कारण अब यता विवाह हुन नदिन हस्तक्षेप गरेको बुझेको छु ।"

तिब्बत प्रशासनले बिहे गरेर तिब्बत जाने नेपाली युवतीलाई चीन बस्ने स्थायी अनुमति पनि दिएको छैन । ताप्लेजुङ र संखुवासभाबाट विवाह गरेर गएका ११ जना हरेक वर्ष भिसा थपेर बस्ने गरेको छेतेन बताउँछन् । "सन् २००८ भन्दा अगाडिकाले स्थायी बसोबास पाएका छन्, त्यसरी जाने हाम्रो ओलाङचुङगोलाको दुई जना छन्," उनी भन्छन्, "त्यसपछि विवाह गरेर गएकाहरू भिसा थपेरै बसिरहेको सुनेको छु ।"

## मावली गाउँ बिरानो

ओलाङचुङगोलाका फुला उक्याव लामा (७७) आठ वर्षको हुँदा पहिलो पटक तिब्बत गएका थिए । उनका पिताले उनलाई लामा पढ्न उतै छोडिदिए । १२ वर्षको उमेरसम्म लामा पढेर बसे । दलाई लामाको निर्वासनपछि बस्ने वातावरण भएन र ओलाङचुङगोला फर्किए । २०/२२ वर्षको भएपछि पितासँगै व्यापारमा हिँड्न थाले ।

*"तिब्बतमा नाता सम्बन्ध भएर पनि विगतमा जस्तो आउजाउ सहज नभएको यहाँका नेपाली बताउँछन् । वडाध्यक्ष छेतेन शेर्पा लामाका अनुसार ओलाङ्चुङ्गोला र याङमामा गरी १५ जना तिब्बतीयन महिला बिहे गरेर नेपाली बुहारी बनेका छन् । यीबाहेक बिहेपछि बसाइँ सरेर काठमाडौँलगायत अन्य ठाउँ जाने पनि छन् ।"*

हिउँदमा भारतको कलकत्ता, कालेबुङ, दार्जेलिङलगायत स्थानबाट सामान ल्याउँथे । बर्खामा भरिया र याकलाई बोकाएर तिब्बत पुऱ्याउँथे र करिब ६ महिना उतै बसेर व्यापार गर्थे । व्यापारकै क्रममा तिब्बतको रिउकी फुटिलासँग उनको प्रेम भयो । विवाह गर्दा उनी ४९ र फुटिला २१ वर्षका थिए । अहिले उनीहरूका दुई छोरी र एक छोरा छन् ।



*आफुभन्दा २८ वर्ष कान्छी युवतीसँग विवाह गरेका ओलाङ्चुङगोलाका फुला उक्याव र फुटिला शेर्पा ।*

तस्विर : आनन्द गौतम

कोरोना संक्रमणपछि झण्डै चार वर्ष सीमा नाका बन्द भयो । सीमा खोलेपछि जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले दिने सीमा प्रवेश परिचय पत्र, नागरिकतालगायत कागजात चीनले अनिवार्य गरेको छ । त्यति मात्र नभई, ५२ सय मिटर उचाइमा रहेको टिप्ताला भञ्ज्याङको चिनियाँ अध्यागमनमा नाम दर्ता गराएको तीन दिनपछि मात्रै उता जान पाइन्छ ।

"मेरो एउटी छोरी काठमाडौँमा र अर्को छोरी अमेरिकामा छ," फुटिलाले भनिन्, "कुन बेला घर आउँछन्, कागजपत्र बन्छ बन्दैन थाहा छैन । उनीहरूलाई त मावल जान पनि मुस्किल हुन्छ जस्तो छ ।"

४७ सय मिटर उचाइको सिर्जेमाताल नजिकै गोठ राखेका पटेन र तेम्वा शेर्पाको माइती/ससुराली पनि रिउ हो । सीमा सहज भएको बेला एकैदिनमा उता पुगेर फर्कन सक्छन् । सडक यातायातले जोडिएकाले अब त केही घण्टामै पुगेर फर्किन सम्भव छ ।

तर आफूहरूले प्रेम र विवाह गर्दाको अवस्थाजस्तो चीन आवतजावत सहज नभएको पटेन बताउँछिन् । तीन सन्तानका यी अभिभावक अहिले छोराछोरी मावल जान नपाउलान् कि भन्ने चिन्तामा छन् ।

चीनले सिमानासम्मै टेलिफोनको टावर राखे पनि नेपालतर्फ उपलब्ध छैन । फोन गर्नुपर्‍यो भने याङमाका बासिन्दाले एक दिन हिँडेर ओलाङचुङगोला झर्नुपर्छ । ओलाङचुङगोलामा पनि 'टु जी' मात्रै भएकाले अनलाइन कुराकानी कठिन हुने पटेन बताउँछिन् । "फोन गर्न तल गोला गइञ्जेलमा त माइती नै पुग्थ्यो नी, आमाहरूसँग मिठो-मिठो खाएर गफ पनि हुन्थ्यो," पटेन भन्छिन्, "सिमानाले पो छेक्तो रहेछ ।"

तिब्बतमा नाता सम्बन्ध भएर पनि विगतमा जस्तो आउजाउ सहज नभएको यहाँका नेपाली बताउँछन् । वडाध्यक्ष छेतेन शेर्पा लामाका अनुसार ओलाङचुङगोला र याङमामा गरी १५ जना तिब्बतीयन महिला बिहे गरेर नेपाली बुहारी बनेका छन् । यीबाहेक बिहेपछि बसाइँ सरेर काठमाडौँलगायत अन्य ठाउँ जाने पनि छन् ।

## सिमानाले छेकिएनन् चौपाया, छेकिए चेली

सीमा वारिपारि दुवै देशका स्थानीयको मुख्य पेसा पशुपालन हो । नेपालका चौँरी डाँडा काटेर चीन पुग्ने गरेका छन् । चिनियाँ याक चौँरीसँग मिसिन नेपालका गोठमै पनि आइपुग्छन् । उता गएका चौँरी र याक फर्काउन वडाका जनप्रतिनिधि र सुरक्षा अधिकारीमार्फत तिब्बतको प्रशासनलाई अनुरोध गर्नुपर्छ ।

"मेरो गोठका तीन वटा वस्तु उता (तिब्बत) गएको छ, अरूको पनि दुई वटा गएको सुनेको छु । उताको एउटा याक हाम्रो गोठमा मिसिन आएको छ," मौवाटारकी दावाफुटी शेर्पा भन्छिन्, "वडाध्यक्ष र प्रहरीलाई भनेर उताको प्रहरीलाई खबर गरेको छु, गोठमा सुरक्षित छ भनेको छ ।"

नाका सञ्चालनमा आएर पशुचौपायाको ओसारपसार खुलेपछि आफ्नो वस्तु लिन जाने दावा बताउँछिन् । आफूहरूले पनि उताको वस्तु सुरक्षित राखिदिएको र फिर्ता गरिदिने उनको कथन छ ।

मौवाटार नजिक बस्ने भुजुङ शेर्पाले तिब्बतकी भोमो शेर्पासँग प्रेम विवाह गरेका छन् । उनीहरूका पनि तीन सन्तान छन् । भुजुङको घर संखुवासभाको भोटखोला गाउँपालिका हो । माइती नजिक बनाउन भोमोको आग्रहमा उनीहरू यता बसाइँ आएका हुन् ।

तर यहाँ आएपछि सिमानाले छेक्दा माइती गाउँ झन् टाढा भएको भोमो बताउँछिन् । अब त माइती नै बिरानो होलान् कि भन्ने उनलाई चिन्ता छ । उनी मात्र होइन, ७० वर्ष नाघेका ओलाङचुङगोलाका छिरिङकिपा र डण्डु शेर्पालाई पनि माइती गाउँ रिउ पुग्न नपाइएला भन्ने चिन्ता लाग्न थालेको छ ।

## सीमावर्ती प्रशासनिक सम्बन्ध : ११ वर्षमा चार बैठक

जिल्ला प्रशासन कार्यालयका अनुसार पछिल्लो ११ वर्षमा ताप्लेजुङका चार प्रमुख जिल्ला अधिकारीले चीनको डिङजे काउण्टी प्रशासनसँग संयुक्त बैठक गरेका छन् । तीमध्ये औपचारिक बैठक भने एउटा मात्र भएको थियो । तत्कालीन प्रजिअ देवराज ढकाल २०६९ चैतमा सदरमुकाम फुङलिङबाट हिँडेरै चीनको

रिउ पुगी औपचारिक बैठक गरेका थिए । उनले सीमा सुरक्षा, चोरीशिकारी नियन्त्रणलगायत विषयमा छलफल गरेका थिए । उनको टोली नौ दिनमा सदरमुकाम फर्किएको थियो ।

२०७५ सालमा तत्कालीन प्रजिअ डोरेन्द्रप्रसाद निरौला नेतृत्वको टोली संयुक्त बैठकका लागि डिङजे काउण्टीको घुम्ती पुगेको थियो । उनीहरू ओलाङचुङगोलादेखि चिनियाँ गाडीमा गएका थिए । त्यो बेला मौखिक छलफल भए पनि लिखित सहमति केही भएन ।

तत्कालीन प्रजिअ गोमादेवी चेम्जोङ २०८० असोज ६ गते टिप्ताला पुगेकी थिइन् । चेम्जोङको टोली लेलेपदेखि हिँडेरै सिमाना पुगेको थियो । त्यसपछि हालका प्रजिअ रवीन्द्र आचार्य नेतृत्वको टोलीले गत वैशाखमा टिप्ताला भञ्ज्याङ पुगेर संयुक्त बैठक गरेको थियो । उक्त टोली सदरमुकामबाट नेपाली गाडीमा सिमानासम्म पुगेको थियो । तर पछिल्ला तीन बैठक अनौपचारिक भएको सीमा प्रशासन प्रमुख रमेश सिग्देल बताउँछन् । औपचारिक तथा अनौपचारिक बैठकमा सीमा सुरक्षा, सहयोग आदानप्रदान, सीमा क्षेत्रका गतिविधिलगायत विषयमा छलफल हुने गरेको सिग्देलको भनाइ छ ।

टिप्ताला भञ्ज्याङसम्म यातायात पुगेकाले अब नियमित बैठक हुनसक्ने प्रजिअ रवीन्द्र आचार्य बताउँछन् । "हामी पुगेको बेला नाका खुलेको थिएन, हामीले नाका खोल्ने विषयमा धेरै ध्यान दिएर कुरा गर्‍यौं," आचार्य भन्छन्, "अब भने नियमित बैठकको खाका बनाएर छलफल गर्न सकिन्छ ।"



*नेपालवाट गएको सरकारी अधिकारीको टोलिलाई खादा लगाएर स्वागत गर्दै चीनीया अधिकारी टिप्ताला भञ्ज्याङको आफ्नै भवनमा ।* तस्विर : आनन्द गौतम

## चीनको सहयोग

कोरोना संक्रमणको बेला चीनले सीमावर्ती क्षेत्रका बासिन्दालाई ५० लाख रूपैयाँ बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराएको थियो । त्यसबाहेक १९ हजार ६५० किलो चामल, सात हजार १३५ लिटर तेल, २५ किलोको ४९२ बोरा पिठो, १३४ कार्टुन दुध पाउडर उपलब्ध गरायो । त्यसैगरी, चियारङ एक किलोको १३० प्याकेट र पाँच किलोको २०० प्याकेट, प्रतिबोरा २५ किलोको नुन ८० बोरा र प्रतिबोरा १६ किलोको चिनी १३० बोरा दिएको फक्ताङलुङ-७ वडा कार्यालयको तथ्यांक छ ।

चीनले एक जनालाई एक वर्ष पुग्नेगरी चामल ८० किलो, मैदा ७५ किलो, चिनी २० किलो, दुध पाउडर

> *फक्ताङलुङ गाउपालिका अध्यक्ष राजन लिम्बू चीनले सडक निर्माण र मर्मतका लागि पनि सहयोग गरिरहेको बताउँछन् । उनका अनुसार अहिले सडक खन्न स्काइभेटर नि:शुल्क दिएको छ । "म आफैं टिप्ताला गएर उहाँहरू (चिनियाँ अधिकारी)सँग छलफल गरेको छु । सहयोग गर्ने विषयमा उहाँहरू सकारात्मक हुनुहुन्छ, हामी पनि स्वाभिमानमा आँच नआउने गरी सहयोग आदानप्रदान गर्ने मनस्थितिमा छौं," लिम्बू भन्छन् ।*

१६ किलो, नुन २५ किलो, चियारङ आठ किलो, चम्वा (खाने पिठो) १० किलो र खानेतेल ४० लिटरको दरले दिएको वडा कार्यालयका कर्मचारी तेञ्जिङ शेर्पा बताउँछन् । यी सामग्री फक्ताङलुङ गाउँपालिका-७ को ओलाङचुङगोला र याङमा तथा वडा नं. ६ को फले र घुन्साका प्रत्येकलाई दिइएको थियो ।

चीनले ओलाङचुङगोलास्थित नेपाल प्रहरीको सीमा चौकीलाई १० किलोको ४० बोरा चामल, खाने तेल, चाइनिज बिस्कुट, पेय पदार्थलगायत सामग्री पठाएको थियो । शिक्षक र स्वास्थ्य चौकीलाई पनि सहयोग गरेको थियो । सशस्त्र प्रहरीले भने आफूहरूलाई नेपाल सरकारले नै खाद्यान्न उपलब्ध गराएको भनेर लिन नमानेको वडाध्यक्ष छेतेन लामा शेर्पा बताउँछन् ।

नेपाल प्रहरीको सीमा चौकीले गत मंसिरमा भने घुमाउरो बाटोबाट चीनको सहयोग लिएको थियो । वडाले सामग्री बुझेर प्रहरी चौकीलाई दिएको थियो । नेपाल प्रहरीले सीमा क्षेत्रमा खटिनेका लागि अतिरिक्त सुविधा उपलब्ध गराउँछ । चीनले स्थानीयवासीलाई सहयोग गर्दा प्रहरीलाई पनि गरेको वडाध्यक्ष छेतेन लामा बताउँछन् । सीमा प्रहरी चौकी ओलाङचुङगोलाका इञ्चार्ज लालदेव यादव आफू एक महिनाअघि मात्रै आएकाले सहयोगबारे जानकारी नभएको बताउँछन् ।

फक्ताङलुङ गाउपालिका अध्यक्ष राजन लिम्बू चीनले सडक निर्माण र मर्मतका लागि पनि सहयोग गरिरहेको बताउँछन् । उनका अनुसार अहिले सडक खन्न स्काइभेटर निःशुल्क दिएको छ । "म आफैं टिप्ताला गएर उहाँहरू (चिनियाँ अधिकारी)सँग छलफल गरेको छु । सहयोग गर्ने विषयमा उहाँहरू सकारात्मक हुनुहुन्छ, हामी पनि स्वाभिमानमा आँच नआउने गरी सहयोग आदानप्रदान गर्ने मनस्थितिमा छौं," लिम्बू भन्छन् ।

## मिलेको छैन कोरोनाअघिकै कारोबार

कोरोनाअघि ओलाङचुङगोला र तिब्बतका व्यापारीबीच नगदमै कारोबार हुन्थ्यो । काठमाडौं-ल्हासा कारोबार गर्ने व्यापारीले जस्तो बैंकिङ कारोबार गर्न आफूहरूलाई सम्भव नभएको व्यावसायी टासी शेर्पा भोटे बताउँछन् । "चार वर्षदेखि कारोबार ठप्प भएकाले अब कसरी व्यापार गर्ने भन्ने अन्योल नै छ," उनले भने, "अहिलेसम्म प्रविधिको प्रयोग गर्न सकिएको छैन ।"

स्थानीयका अनुसार नेपालीको पैसा चलाएर नतिर्ने तिब्बती पनि छन् भने तिब्बतीलाई तिर्न बाँकी भएका नेपाली पनि छन् । तिब्बत प्रशासनले कारोबार बाँकी भए उठाउन समन्वय गरिदिने आश्वासन दिएको एक व्यापारीले बताए । उनले भने, "जडीबुटी, गलैंचा जस्ता वैध व्यापारको त उठाउन समस्या छैन, तर हामीले पशुचौपाया पनि बिक्री गर्ने गरेका छौं, जुन वैध होइन । तेस्तो कारोबारमा समस्या छ ।"

चीनमा सबैभन्दा बढी नेपाली जडीबुटीको माग भएको व्यावसायी दावा शेर्पा बताउँछन् । चिराइतो, कुट्की, बिख्मा, पाँचऔंले, यार्सागुम्बाजस्ता जडीबुटी चिनियाँले खरिद गर्छन् । उनीहरू संकलनस्थलमै पुगेर जडीबुटी किन्ने गर्थे ।

चौंरी, याकजस्ता चौपाया पनि महँगोमा बिक्री हुन्छन् । तिब्बतमा एउटा वयस्क याकको मूल्य १ लाख २० हजार रुपैयाँसम्म रहेको नुपु शेर्पा बताउँछन् । चीन निर्यात नहुँदा नेपालमा पशुचौपायाको खासै मूल्य हुँदैन । चिनियाँहरूले नश्ल सुधार र गोठ वृद्धिका लागि यताका चौपाया लैजाने नुपुको भनाइ छ । "चीनमा बिक्री नहुने हो भने हामीले गोठ पालेर फाइदा हुँदैन," उनले भने, "पहिला याकलाई भारी बोकाउथ्यौं, अहिले यातायात विस्तारले याक गाउँघरमा खुम्चिएका छन् ।"

## सीमामा चिनियाँ निगरानी, नेपालको छैन उपस्थिति

तत्कालीन प्रजिअ देवराज ढकाल १२ वर्षअघि सीमा बैठकमा जाँदा चिनियाँ प्रशासन र सुरक्षाकर्मी रिउमै थिए । २०७५ सालमा तत्कालीन प्रजिअ डोरेन्द्रप्रसाद निरौला जाँदा चीनको सशस्त्र प्रहरी बलको क्याम्प रिउ बजारभन्दा माथिको क्षेत्रमा थियो भने प्रशासनिक संयन्त्र तलै थियो । अहिले चीनले टिप्ताला भञ्ज्याङमै आधुनिक प्रशासनिक भवन बनाएको छ ।

नेपालबाट सरकारी अधिकारी, राजनीतिकर्मी वा उच्च अधिकारी पुग्दा त्यही प्रशासनिक भवनमा खादा लगाएर सम्मान गर्ने तथा खाजा खुवाउने गर्छन् । नेपालको उच्च अधिकारी आउँदा पूर्वजानकारी गराउन

> *वडाध्यक्ष छेतेनका अनुसार चिनियाँ अधिकारी टिप्ताला नबसी ३० किलोमिटर तल रिउमै बस्छन । टिप्तालाको भवनमा सीसीटीभी जडान गरेका छन् । पूर्वजानकारी भएपछि उनीहरू गाडीमा माथि आउँछन् । नेपालको टोली जाँदा जनसरकार प्रमुख, प्रहरी प्रमुख, अद्यागमन विभाग प्रमुख, उद्योग विभाग प्रमुखलगायत अधिकारी आउँछन् ।*

रिउ प्रशासनका अधिकारीले आफूलाई अनुरोध गरेको वडाध्यक्ष छेतेन लामा शेर्पा बताउँछन् । त्यही जानकारीका आधारमा पाहुनालाई उनीहरू चिनियाँ चाउचाउ, मम, पेय पदार्थलगायत खुवाउँछन् ।

वडाध्यक्ष छेतेनका अनुसार चिनियाँ अधिकारी टिप्ताला नबसी ३० किलोमिटर तल रिउमै बस्छन । टिप्तालाको भवनमा सीसीटीभी जडान गरेका छन् । पूर्वजानकारी भएपछि उनीहरू गाडीमा माथि आउँछन् । नेपालको टोली जाँदा जनसरकार प्रमुख, प्रहरी प्रमुख, अद्यागमन विभाग प्रमुख, उद्योग विभाग प्रमुखलगायत अधिकारी आउँछन् ।

नेपाली पाहुनाअनुसार समान तहका चिनियाँ अधिकारी आउने गरेका छन । "टिप्तालालामा गाडी पुग्दा ताप्लेजुङ सडक कार्यालयका प्रमुख जानु भएको थियो, उनीहरूले पनि उताको सडक विभागको मान्छे लिएर आएछन्," छेतेन भन्छन्, "नियमित आउनेबाहेक विभागीय प्रमुख पनि आउने गरेको पाइयो ।"

बिनासूचना सर्वसाधारण जाँदा सीसी क्यामराबाट निगरानी गर्ने गरेका छन् । ओलाङचुङगोलाबाट सात जनाको समूहमा गएका एक युवाले भने, "हामी सीमा क्षेत्रमा घुम्दै थियौं, उता भवनतिर सुनसान थियो । करिब आधा घण्टामै चिनियाँ आइपुगे ।" चीनले प्रशासनिक भवनबाट तिब्बत जानेहरूको फिङ्गर प्रिन्ट लिने, तस्वीर खिचेर रेकर्ड राख्नेलगायत काम गर्छ ।

सीमामा नेपालको उपस्थिति भने छैन । २४ किलोमिटर तल ओलाङचुङगोलामा सशस्त्र प्रहरी सीमा सुरक्षा बल, नेपाल प्रहरीको सीमा चौकी, सीमा प्रशासन, भन्सारलगायतका कार्यालय छन् । यीमध्ये नेपाल प्रहरी र सशस्त्र प्रहरी मात्र नियमित बस्छन् । यातायातले सीमासम्मै जोडिए पनि त्यहाँ पुग्न कम्तीमा चार घण्टा लाग्छ ।

सशस्त्र प्रहरीका लागि ओलाङचुङगोलाभन्दा १४ किमि माथि मौवाटारमा क्याम्प बनाइएको छ । सञ्चार सुविधा नभएको र सधैंजसो हिउँ पर्ने भएकाले सशस्त्र प्रहरी सरेको छैन । गृह मन्त्रालयबाट सार्ने निर्देशन आए तत्काल सर्ने प्रजिअ रवीन्द्र आचार्य बताउँछन् ।

नेपालले भने सीमामा एकतले सानो भवन बनाएको छ । कोशी प्रदेश सरकारको २० लाख लागतमा वडाले उक्त भवन बनाएको हो । "देख्नेले त यस्तो सानो घर किन बनाएको भन्छन् । हामीसँग भवन नहुँदा चीनले दिएको कतिपय सामान भिजेर पनि बिग्रियो," वडाध्यक्ष छेतेन भन्छन्, "चीनले ती सामग्री लगिहाले हुन्थ्यो भन्ने चाहन्छ । कहिले मौसमले साथ दिँदैन, कहिले तत्काल ल्याउन सकिँदैन । त्यस्तो बेला सामान राख्न उपयोगी हुने रहेछ ।"

कोरोनाअघि तिब्बत गएको बेला चाइनिजले तत्काल फर्किहाल्न उर्दी गर्दा आफू ओडारमा बस्नु परेको छेतेनको भनाइ छ । तेस्तो अवस्थामा त्यही भवनमा बस्न ओढ्ने र ओछ्याउने राखिने उनी बताउँछन् । ग्याँस चुलोलगायत सामग्री राखेर टिप्ताला पुग्ने नेपाली र चीनका पाहुना आउँदा चिया नास्ता खुवाउने पनि उनको योजना छ ।

### सडक बनाइदिनेले सम्बन्ध तोडिदिए

ताप्लेजुङको सबैभन्दा दुर्गम गाउँ याङ्मा र ओलाङचुङगोला हुन् । व्यापारका लागि तिब्बत जाँदा होस् या सदरमुकाम फुङलिङ झर्दा, ढाकरमा नाम्लो लगाउनै पर्थ्यो । मौसम अनुकूल भए चौरी याकलाई पनि सामान बोकाउने गरिन्थ्यो ।

ओलाङचुङगोलामा जन्मेर देशविदेशमा रहेकाहरूले रकम संकलन गरेर २०७४ सालमा टिप्ताला भञ्ज्याङदेखि बस्तीसम्म सडक खनेका छन् । सडक खन्न नेपालबाट

मेशिन लैजान सम्भव थिएन, छिमेकी देश चीनलाई अनुरोध गरे । परराष्ट्र मन्त्रालयमार्फत लिखित अनुरोध आए भाडामा दिन सकिने चिनियाँ अधिकारीले बताए । नेपाल सरकारबाट पत्र लेखाएपछि चिनियाँ ठेकदारले २४ किमि सडक खनेर बस्ती जोडिदिए । त्यसका लागि अढाई करोड रूपैयाँ संकलन गरेको तत्कालीन उपभोक्ता समितिका अध्यक्ष छेतेन वालुङ बताउँछन् ।

अहिले यही सडक ताप्लेजुङ सदरमुकाम फुङलिङसम्म पुगेको छ । एक नगरपालिका र आठ गाउँपालिकाका ६१ वडा रहेको जिल्लामा सदरमुकामबाट सडकले जोडिने अन्तिम वडा फक्ताङलुङ-७ नै हो ।

कोरोना संक्रमण अघिसम्म यो सडकको स्तरोन्नति गरिदिने चिनियाँ अधिकारीले आश्वासन पनि दिएका थिए । त्यसका लागि डिङ्जे काउण्टीले नेपाली १ अर्ब रूपैयाँ विनियोजन गरेको सन्देश पठाएका थिए । त्यसबारे चिनियाँ अधिकारीले अहिले बोलेका छैनन् । उत्तर-दक्षिण (मूलघाट-दोभान-ओलाङ्चुङगोला) लोकमार्ग आयोजनाका प्रमुख हरिश्चन्द्र कार्कीका अनुसार चीनसीमा टिप्तालादेखि भारतीय सीमा जोगबनी जोड्ने यो सबैभन्दा छोटो मार्गको दूरी २८३ किमि छ ।

चीनले दुई भूगोललाई सडकले जोड्न सघाए पनि सांस्कृतिक सम्बन्ध तोडिदिएको कारण ओलाङ्चुङगोलाबासी खुशी छैनन् । भाषा, संस्कार, संस्कृति एउटै भएर परम्परादेखि वैवाहिक सम्बन्ध जोडिँदै आए पनि चीनले नै त्यसमा अवरोध गरेको स्थानीयको बुझाइ छ । कोरोना महामारीपछि धेरैपटक अनुरोध गर्दा पनि नाका खोल्न ढिलाइ गरेको स्थानीय बताउँछन् । महामारीपछि बरू सडकले ओलाङ्चुङगोला र सदरमुकाम फुङलिङ जोडिएपछि उनीहरूले राहत महसुस गरे ।



*नेपाल र चीनको सिमाना सडकले जोडिएपछि नेपालको राष्ट्रिय झण्डा फहराउदै सडक डिभिजन कार्यालय ताप्लेजुङका प्रतिनिधि र सरोकारवाला निकाय ।* तस्विर : आनन्द गौतम

## सरकारसँग माग– आधारभूत आवश्यकता देऊ

> *११ परिवारको बसोबास भएको याङ्मामा सञ्चारको सुविधा ठप्प छ । चीनसँगको सिमाना टिप्ताला भञ्ज्याङ क्षेत्रमा पनि सञ्चार सम्पर्क छैन । छिमेकी देशले सिमानामै मोबाइल र इन्टरनेटको टावर राख्दा नेपालीहरूले चिनियाँसँग इन्टरनेटको पासवर्ड माग्नुपर्ने लज्जास्पद अवस्था रहेको ओलाङचुङगोलाका तेन्जिङ उक्याप बताउँछन् ।*

नेपाल सरकारसँग आधारभूत आवश्यकता मात्र पूरा गर्न आफूहरूको माग रहेको स्थानीय व्यापारी नुपु शेर्पा बताउँछन् । समयानुकूल सञ्चारको स्थापना गरिदिनुपर्ने उनीहरूको पहिलो माग छ । "सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल टेलिकमले पाथिभरा र कता-कता डस्बिन राखेको समाचार सुनेको छु," नुपु भन्छन्, "त्यो पैसाले हाम्रोतिर राम्ररी चल्ने फोन लगिदिए हुने नी !"

११ परिवारको बसोबास भएको याङ्मामा सञ्चारको सुविधा ठप्प छ । चीनसँगको सिमाना टिप्ताला भञ्ज्याङ क्षेत्रमा पनि सञ्चार सम्पर्क छैन । छिमेकी देशले सिमानामै मोबाइल र इन्टरनेटको टावर राख्दा नेपालीहरूले चिनियाँसँग इन्टरनेटको पासवर्ड माग्नुपर्ने लज्जास्पद अवस्था रहेको ओलाङचुङगोलाका तेन्जिङ उक्याप बताउँछन् ।

"यी सामान्य कुरा हुन्, जुन आफ्नै देशले गर्न सक्छ, यस्ता कुरा चाहीँ छिमेकीलाई माग्न नपरे हुन्थ्यो जस्तो लाग्छ," तेन्जिङले भने । नाकाका बासिन्दा सीमा रक्षक भएकाले छिमेकीसँग शिर नझुक्ने वातावरण बनाइदिनुपर्ने उनी बताउँछन् । आफूहरूले शिर झुकाउनु नपरे चीनले पनि सहजै सांस्कृतिक सम्बन्धमा हस्तक्षेप गर्न नसक्ने उनको भनाइ छ ।

## About CESIF

CESIF Nepal is a not-for profit, autonomous and independent private research think tank serving in the public interest, with significant independence from any interest groups and autonomy from government. Our mission is to help the government and the society create a democratic, secure and just society by making informed and transparent decisions about policies and practices.

CESIF
Centre for Social Innovation
and Foreign Policy

**Centre for Social Innovation and Foreign Policy (CESIF)**
**Kumaripati, Lalitpur, Nepal**

info@cesifnepal.org  www.cesifnepal.org  @CsifNepal

Centre for Social Innovation and Foreign Policy (CESIF)  Centre for Social Innovation and Foreign Policy (CESIF)